बैठक संख्याः ११७

मिति २०८३ भाद्र ११ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेकक्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री हरिश चन्द्र जोशी | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:१ यस दोधारा चाँदनी नगरपालिकाको आ.व.२०८२/०८३ को स्थानीयशासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का विभिन्न ५ वटा क्षेत्रहरु, २० वटा उपक्षेत्रहरु, १०० वटा सूचकहरु र २०० वटा उप सूचकहरुको स्व-मूल्याङ्कन गरी नेपाल सरकारले निर्धारण गरेको पोर्टल मार्फत पुष्टयाईका कागजातहरु तोकिएको समयावधी भित्र प्रविष्ठ गरिएको र प्रणालीबाट प्रविष्ट भएका कागजातहरुका आधारमा ८१.९ अंक प्राप्त भएको। सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल गरी विषयगत समितिबाट समेत छलफल पश्चात उक्त नतिजालाई पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति कंचनपुरमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं:२ यस दोधारा चाँदनी नगरपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तरगत यस पालिकामा प्राप्त ईन्डक्सन चुल्हो वडागत रुपमा भरिएको फारम अनुसारको अनुपातमा वितरण गर्ने र थप ईन्डक्सन चुल्हो माग भईरहेकोले सोका लागि नयाँ सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं:३ यस दोधारा चाँदनी नगरपालिकाको वडा नं.०१ स्थित महाकाली नदिको चारलेन पुलको दक्षिण तर्फ नगरपालिकाले संरक्षण गरेको जमिन सम्याउनका लागि नगरपालिकाकै सवारी साधन प्रयोग गर्ने र उक्त साधन प्रयोग गर्दा लाग्ने ईन्धन खर्च रु.१५ लाख महाकाली नदिमा गेभियन वाल निर्माण वडा नं.०१ (क्रमागत) र पर्यटन प्रवर्द्धन संरचना निर्माण वडा नं.१ शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं:४ यस दोधारा चाँदनी नगरपालिकाको हिट वेभ एक्सन प्लानलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं:५ यस दोधारा चाँदनी नगरपालिका वडा नं. ०७ स्थित राष्ट्रिय आ.वि. को चार कोठे भवन निर्माणको रनिङ्ग विल भुक्तानी सम्वन्धमा नगर कार्यपालिकाको कार्यालयले विद्यालयको खातामा निकासा गरि रोक्का राखेको रकम मिति २०८३/०४/१८ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार गठित समितिले पेश गरेको प्राविधिक प्रतिवेदन अनुसार रु.३७७३७१.९२ (मु.अ.कर सहित) रकम फुकुवा गरि सम्वन्धित निर्माण व्यसायिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णयनं:६ यस दोधारा चाँदनी नगरपालिकामा रहेको आखाँ अस्पतालको कार्यविधि निर्माण गर्न स्वास्थ्य शाखालाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं:७ महाकाली नदि र जोगबुढा नदिको IEE प्रतिवेदन पुनरावलोकन भई आएकोले उक्त प्रतिवेदन पारित गरी कार्यान्वयनका लागि सम्बन्धित शाखा तथा कार्यालयमा पठाउने निर्णय गरियो।

निर्णय नं:८ यस दोधारा चाँदनी नगरपालिकामा तपसिल वमोजिममा देहाय वमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | रकमान्तर गर्ने शिर्षक | रकम |
|---|---|---|---|
| १ | सवारी साधन तथा मेसिनरी औजार भाडा | विविध कार्यक्रम खर्च | ५०००००/- |
| २ | झोला बुनाई तालिम | विविध कार्यक्रम | ५०००००/- |
| ३ | कार्यालयको परिपरमा फुल, दुबो तथा बृक्षारोपण | विविध कार्यक्रम खर्च | २७५०००/- |
| ४ | कार्यालय परिपरमा पार्क निर्माण | मिलान कोष | २७५०००/- |
| ५ | वडा नं.३ बडवाल टोल हात्ति प्रभावित क्षेत्रमा फ्लड लाईट जडान | विपद् व्यवस्थापन कोष | २०००००/- |
| ६ | मेयर कप फुटवल | खेलकुद / विविध | ५००००/- |

निर्णय नं:९ यस दोधारा चाँदनी नगरपालिकाको नाममा रहेका सरकारी मोटरसाईलहरु प्रयोग गरि रहेका जनप्रतिनिधिहरुको हकमा बढिमा वार्षिक रु.१० हजार मात्र र कर्मचारीहरुको हकमा वार्षिक रु.७ हजार मात्र मर्मत खर्च उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं:१० यस दोधारा चाँदनी नगरपालिकामा रहेका सम्पूर्ण सरकारी जग्गाहरु संरक्षण तथा उपभोक्तका लागि सार्वजनिक भेला वोलाई सरकारी जग्गा संरक्षण तथा उपभोक समिति निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं:११ यस दोधारा चाँदनी नगरपालिका कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुका लागि तपसिल अनुसारको मासिक ईन्धन खर्च उपलब्ध गराउने निर्णय गरियो।

१. सहायक स्तर तथा अधिकृत स्तरसम्मका लागि मासिक रु.१५००/-

२. कार्यालय सहयोगीका लागि मासिक रु.१०००/-

निर्णय नं.१२ यस दोधारा चाँदनी नगरपालिकाले प्रदान गर्ने आर्थिक सहायतामा एकरुपता कायम गर्न "*आर्थिक सहायता सम्बन्धि कार्यविधिको मस्यौदा*" निर्माण गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.१३ दोधारा चाँदनी अस्पतालका लागि विनियोजित रु.७० लाख मध्ये अस्पतालको फार्मेसिका लागि रु.३० लाख बराबरको औषधि बोलपत्र मार्फत खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.१४ राष्ट्रिय आधारभुत विद्यालयमा कार्यरत शिक्षिका भूमिसरा सुनारले विगत लामो समय देखि न्यून पारिश्रमिकमा सेवा गरि रहेकोले निजलाई प्रोत्साहन स्वरुप रु.२५०००/- आर्थिक सहायता शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१५ यस दोधारा चाँदनी नगरपालिकाको दैनिक प्रशासनिक, अनुगमन लगायतका कार्यहरु गर्न सवारी साधन नभएकोले एक थान चारपाङ्गे सवारी सधान (EV) भाडामा लिन निर्णय गरियो।

निर्णय नं.१६ दोधारा चाँदनी नगरपालिकामा Municipal level quiz contest कार्यक्रमकका लागि रु.३० हजार र कोड फोर चेन्ज सुदूरपश्चिम प्रदेश समितिले संचालन गरेको कार्यक्रमलाई रु.२० हजार रकम शिक्षा शाखाको सिफारिसका आधारमा आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१७ यस दोधारा चाँदनी नगरपालिका वडा नं.०१ बस्ने श्री साहिल सुनारले दक्षिण कोरियामा सम्पन्न भएको तेक्वाण्दो प्रतियोगितामा स्वर्ण पदक जितेकोले निजलाई सम्मान स्वरुप रु.१ लाख रकम आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने साथै राष्ट्रिय जेष्ठ नागरिक समाज नेपाललाई अन्तरक्रिया कार्यक्रमका लागि रु.२५ हजार आर्थिक सहायता शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१८ यस दोधारा चाँदनी नगरपालिकाको १० वटै वडामा एक/एक थान सोलार वत्ति मर्मत गर्न लागत अनुमान तयार गर्ने निर्णय गरियो।

निर्णय नं.१९ मिति २०८३/०५/१० गते का दिन अचानक भोटेकोशी नदिमा आएको बाढिका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरुमा ठुलो मात्रामा जन धनको क्षति भएकोले यस नगरपालिकाबाट प्रधानमन्त्री दैवी प्रकोप उद्वार कोष शिर्षकमा रु.३ लाख रकम आर्थिक सहयोग स्वरुप आर्थिक सहायता शिर्षकबाट उक्त कोषमा जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं.२० यस दोधारा चाँदनी नगरपालिका वडा नं.०१ मा रहेको सूर्य किरण कृषि फर्ममा अमेरिकन स्वाईन फिवरका कारण करिव ५०० वटा बंगुर मरेका हुदा सोको राहत स्वरुप रु.१ लाख आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.२१ मिति २०८३/०५/१० गते का दिन अचानक भोटेकोशी नदिमा आएको बाढिका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरुमा ठुलो मात्रामा जन धनको क्षति भएको कुराले नगरपालिका परिवार अत्यन्त मर्माहत भएको छ र उक्त घटनामा घाईते भएकाहरुलाई शिघ्र स्वास्थ्य लाभको कामना र दिवङ्गत भएका व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्ने निर्णय गरियो।